प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको

**हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम**

**सार्वजनिक गरिएको विवरण**

**२०८२ साउन - २०८२ असोजसम्म**

**सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण**

(स्वतः प्रकाशन)



गण्डकी प्रदेश सरकार

**ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय**

पोखरा, नेपाल

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**स्वतः प्रकाशन (Proactive Disclosures)**

**२०८२ साउन - २०८२ असोजसम्मको विवरण**

**१. मन्त्रालयको परिचय, स्वरुप र प्रकृतिः**

गण्डकी प्रदेशमा साविक धवलागिरी अञ्चलका ४ जिल्ला (पर्बत, म्याग्दी, बागलुङ, मुस्ताङ) गण्डकी अञ्चलका ६ जिल्ला र लुम्बिनी अञ्चलको नवलपरासी जिल्लाको बर्दघाट सुस्ता पूर्वको भू-भाग समेटी कुल ११ जिल्ला रहेको छ। नेपालको मध्य भागमा अवस्थित, हिमाल देखि तराईसम्म फैलिएको यस प्रदेश २७°२६'०५" उत्तरी अक्षांश देखि २९°१९'५०" उत्तरी अक्षांशसम्म र ८२°५२'४५" पूर्वी देशान्तर देखि ८५°१२'०५" पूर्वी देशान्तरसम्म फैलिएको छ। प्रदेशले नेपालको कुल भू-भागको १४.६७ प्रतिशत अर्थात् २१९७४ बर्ग कि.मि. क्षेत्रफल ओगटेको छ। *(स्रोतः प्रदेशको प्रथम पन्चवर्षीय योजना, आधार वर्ष २०७५/७६ को स्थिति)*

गण्डकी प्रदेशको कुल भू-भागमध्ये २२.२ प्रतिशत अर्थात् ४८७८२३ हेक्टर भू-भाग खेती योग्य जसमध्ये ७६ % जमिनमा मात्र खेती गरिएको छ। खेती गरिएको कुल जमिनमध्ये ३६.१ % जमिनमा मात्र सिंचाइ सुविधा पुगेको छ। सिंचित कृषियोग्य जमिन मध्ये ४६.१ % जमिनमा मात्र बाह्रैं महिना सिंचाइ सेवा उपलव्ध भएको अवस्था छ । समग्रमा प्रदेश सम्बृद्धिको लागि परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई यान्त्रिकरण र व्यवसायीकरण मार्फत उत्पादकत्व वृद्धि गरि दिगो कृषि अर्थतन्त्र निर्माण गर्न उपलव्ध सतह र भूमिगत पानीको समान्जस्य रुपमा उपयोग गर्दै समानुकुल नविनतम प्रविधिको प्रगोग गरि सिंचाइ प्रणालीको विकास र विस्तार गर्नुपर्ने देखिन्छ। *(स्रोतः प्रदेशको प्रथम पन्चवर्षीय योजना, आधार वर्ष २०७५/७६ को स्थिति)*

आधारभूत खानेपानीको आपूर्ति र सरसफाईको दृष्टिकोणले गण्डकी प्रदेशको अवस्था सन्तोषजनक रहेइको छ। यस प्रदेशका ९१.७ प्रतिशत जनतामा आधारभूतस्तरको खानेपानीको पहुँच पुगेको छ। प्रदेशका ८१.४ जनताले शौचालयको प्रयोग गर्छन्। आधारभूतस्तरको खानेपानी सुविधा शतप्रतिशत पुर्याउदै मध्यम देखि उच्च गुणस्तरको खानेपानी सुविधाको विस्तार गर्नुपर्ने देखिन्छ। *(स्रोतः प्रदेशको प्रथम पन्चवर्षीय योजना, आधार वर्ष २०७५/७६ को स्थिति)*

गण्डकी प्रदेशमा आधुनिक ऊर्जाको पहुँच ८२.५ प्रतिशत जनतामा पुगेको छ। यस प्रदेशका ६९.३ प्रतिशत घर परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धन दाउरा, काठ, गुइँठा आदिबाट प्राप्त हुन्छ। करिव यस प्रदेशको बिद्युत उत्पादन गर्ने सम्भावित क्षमता २०६५० मेगावाट रहेकोमा आर्थिकरुपले १२९३० मेगावाट जलविद्युत उत्पादन गर्न सकिने देखिन्छ। यस प्रदेशमा जलविद्युतको अतिरिक्त सौर्य र वायु ऊर्जा उत्पादनको पनि उत्तिकै सम्भावना रहेको छ। राष्ट्रिय ऊर्जा सुरक्षाको आधारशिला तयार गर्न र समग्रमा ऊर्जालाई सम्वृद्धिको सम्वाहक बनाउन निजि क्षेत्रसंगको सहकार्यमा जलाशययुक्त, ठूला र मझौला जलविद्युत आयोजना, सौर्य ऊर्जा र वायु ऊर्जाका आयोजनाहरुको विकास गरि विद्युत उत्पादन उल्लेख्य मात्रामा बढाउनु पर्ने आवस्यकता छ। *(स्रोतः प्रदेशको प्रथम पन्चवर्षीय योजना, आधार वर्ष २०७५/७६ को स्थिति)*

गण्डकी प्रदेशका हिमाल, महाभारत र चुरे उद्गमस्थल भै बग्ने मुख्य मुख्य नदी तथा खोलानालाहरुमा पानीको प्राकृतिक बहावमा प्रतिकुल असर नगर्ने गरि र नदी र खोलाको लागि आवश्यक चौडाई संकुचन नहुने गरि व्यवस्थित र स्थायी नदी नियन्त्रण सम्बन्धी कार्यहरु तथा पहिरो नियन्त्रण सम्बन्धी कार्यहरु गरि सार्वजनिक र व्यक्तिगत भौतिक संरचना, खेतियोग्य जमिन, सांस्कृतिक सम्पदा, सिंचाइ खानेपानी, जलविद्युत संरचना लगायतका संरचनाहरुको संरक्षण गर्नुपर्ने देखिन्छ। ठुला र मझौला नदीहरुमा व्यवस्थित र दिगो तटबन्ध निर्माण र नदी नियन्त्रण सम्बन्धी स्थायी संरचनाहरुको निर्माण गर्न गुरुयोजना सहित कार्यान्वयन गर्दा लगानीको प्रक्षेपण गर्न सकिने र उक्त तटबन्धका कार्यक्रमहरुको कार्यान्वयनबाट हजारौ हेक्टर जमिन उकास गरि व्यावसायिक कृषि लगायतका आर्थिक क्रियाकलापहरु संचालन गर्न सकिने अवस्था रहेको छ।

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशको स्थापना भएको हो।

**क) सोच**

- खाद्यान्न उत्पादन र उत्पादकत्व वृद्धिको मूल आधार, दिगो सिंचाइ विकास।
- राम्रो स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई
- जलविद्युतको तिब्र विकास मार्फत दिगो आर्थिक विकास र सम्वृद्धि
- नवीकरणीय ऊर्जा, दिगो आर्थिक सामाजिक विकासको आधार

**ख) लक्ष्य**

- सिंचाइ प्रणाली तथा सिंचित क्षेत्रको विकास र कुशल व्यवस्थापन गरि कृषि उत्पादकत्व वृद्धि गर्ने
- भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवा विस्तार गर्ने
- जलबिद्युत उत्पादन, प्रयोग क्षमता र दक्षता वृद्धि गरी आर्थिक सामाजिक विकासमा टेवा पुर्याउने
- नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र कुशल व्यवस्थापन मार्फत प्रदेश अर्थतन्त्रमा टेवा पुर्याउने

**ग) उद्देश्य**

- सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जिर्ण सिंचाइ पूर्वाधारहरुको सुधार र पुनर्स्थापना गर्नु
- टार क्षेत्रमा सिंचाइ सुविधाको विस्तार गर्नु
- सिंचाइ प्रणाली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु
- आधारभूत खानेपानी सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको खानेपानी सुविधाको विस्तार गर्ने
- आधारभूत सरसफाई सुविधा शतप्रतिशत र मध्यम देखि उच्च गुणस्तरको सरसफाई सुविधाको विस्तार गर्ने
- प्राविधिक तथा आर्थिक हिसाबले आकर्षक जलबिद्युत आयोजनाहरू पहिचान र विकास गरि ऊर्जा सुरक्षामा योगदान पुर्याउनु र दिगो अर्थतन्त्रको आधारशीला तयार गर्ने
- बिद्युत व्यवस्थापनलाई दिगो र भरपर्दो बनाउने

- जलबायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्ने
- नवीकरणीय ऊर्जाको माध्यमबाट ग्रामिण विद्युतीकरण र उद्योग संचालन गरि रोजगार सिर्जना गर्ने
- नवीकरणीय ऊर्जाको व्यावसायिक प्रवर्द्धन, विकास र व्यवस्थापन गर्दै दिगो र समावेशी आर्थिक वृद्धिमा टेवा पुर्याउने
- खाना पकाउन नवीकरणीय ऊर्जाको प्रयोग वृद्धि गर्ने
- खेर गैरहेका फोहरजन्य बस्तुबाट ऊर्जा उत्पादन गरि फोहोरमैला व्यवस्थापन र आर्थिक वृद्धिमा टेवा पुर्याउने

**घ) रणनीति**

- उत्पादन र उत्पादकत्व वृद्धिको सम्भावना बोकेका ठुला कमाण्ड क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाइ प्रणालीको विकास गर्ने।
- पहाडका टारहरुमा सिंचाइ सुविधाको विस्तार गर्न विशेष प्राथमिकता दिने।
- सिंचाइ प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने।
- सिंचित क्षेत्रको संरक्षण तथा पानीको कुशल प्रयोग दक्षता वृद्धि गर्ने।
- सिंचाइ आयोजनाहरुको मुहान संरक्षण गर्ने।
- आधारभूत खानेपानी सुविधा नपुगेका क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरु निर्माण तथा खानेपानी सुविधा विस्तार गर्ने
- शहर र शहरोन्मुख तथा बजार क्षेत्रमा खानेपानी सेवाको स्तरवृद्धि गर्ने
- खानेपानी आयोजना निर्माण, मर्मत सम्भार तथा व्यवस्थापनमा बैकल्पिक वित्तीय स्रोत तथा जनशक्ति परिचालन गर्ने।
- ग्रामिण तथा शहरी खानेपानी आयोजनाहरुको जलाधार क्षेत्र तथा मुहान संरक्षण गर्ने
- प्रदेश भित्रका शत प्रतिशत घरहरुमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने
- शहरी, शहर उन्मुख तथा बजार क्षेत्रमा सरसफाई सेवाको स्तरवृद्धि गर्ने
- सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने
- जलबिद्युत विकासको लागि प्रदेशको प्रशासनिक तथा संस्थागत संरचना स्थापना गर्ने
- जलबिद्युत विकासमा उल्लेखनीय लगानी वृद्धिको वातावरण सिर्जना गर्ने
- प्राविधिक तथा आर्थिक रुपमा आकर्षक जलबिद्युत आयोजना निर्माण गरि प्रदेश अर्थतन्त्रलाई मजबुत तथा दिगो बनाउने
- ऊर्जाको प्रयोग तथा दिगो व्यवस्थापनमा दक्षता वृद्धि गर्ने
- जलवायु परिवर्तन तथा आयोजना निर्माणका कारण नदीमा परेको असर न्यूनीकरण गर्न अध्ययन अनुसन्धान मार्फत उपायहरुको खोजि गरि कार्यान्वयन गर्ने
- राष्ट्रिय प्रसारण लाइन नपुगेका र सम्भाव्य नभएका क्षेत्रमा नवीकरणीय ऊर्जाको माध्यमबाट विद्युतीकरण गर्ने

- नवीकरणीय ऊर्जाको स्रोतलाई उत्पादन वृद्धि र रोजगारसंग जोड्ने
- नवीकरणीय ऊर्जालाई व्यवसायिक ऊर्जाको रुपमा विकास गर्ने
- खाना पकाउन प्रयोग हुने परम्परागत ऊर्जाको सट्टामा सुधारिएको चुलो तथा विद्युतीय चुलोको प्रयोग वृद्धि गर्ने
- फोहरमैलालाई प्राङ्गारिक मल र पेट्रोलियम पदार्थ उत्पादनसंग जोड्ने

गण्डकी प्रदेशका ११ वटा जिल्ला कार्य क्षेत्र रहेको मन्त्रालय अन्तर्गत निम्नानुसारका १६ वटा कार्यालयहरु रहेका छन्ः

१. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जा
२. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ
३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ
४. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा
५. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, तनहु
६. खानेपानी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, म्याग्दी
७. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, पर्वत
८. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, कास्की
९. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, गोरखा
१०. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, बागलुङ
११. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, लमजुङ
१२. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, स्याङ्गजा
१३. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (ब.शु.पू.)
१४. खानेपानी, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, मुस्ताङ्ग
१५. खानेपानी, जलश्रोत तथा सिंचाई विकास सब डिभिजन कार्यालय, मनाङ्ग

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८/०२/०५ को निर्णयानुसार गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूचीमा हेरफेर भै स्थापना भएको यस ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशको कार्यजिम्मेवारी निम्नानुसार रहेको छः

१. प्रदेशस्तरको ऊर्जा, विद्युत, सिचाई, खानेपानी, जल उत्पन्न प्रकोप (नदि तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति कानून, मापदण्ड गुरुयोजना योजना तथा आयोजना निर्माण, कार्यान्वन सञ्चालन, मर्मत संभार समन्वय र नियमन
२. प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिंचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन

प्रदेश सरकार
ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

३. उर्जा,विद्युत सिंचाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन

४. राष्ट्रिय जलश्रोत नीति र संघीय योजना बमोजीम प्रदेशका नदि तथा सिमा नदीका जलउपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चान र व्यवस्थापन

५. प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदि संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन

६. प्रदेशभित्रको जलश्रोत उपयोग हुने आयोजनहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वन, अनुगमन र सञ्चालनमा समन्वन

७. प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन

८. मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन

९. जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन

१०. प्रदेशस्तरको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी प्रदेशिक नीति कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन


११. खानेपानी तथा सरसफाई सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन

१२. सर्वसाधारणलाई स्वच्छ खानेपानी उपलब्धता र खानेपानी,सरसफाई तथा स्वच्छतामा पिछडिएको वर्गको पहुँच सुनिश्चितता

१३. खानेपानी गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एंव गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन

## ३. मन्त्रालयको संगठन संरचनाः

हाल मन्त्रालयको **संगठन संरचना** देहाय बमोजिमको रहेको छ।



४. **मन्त्रालयबाट प्रदान गरिने सेवाः** ऊर्जा, सिंचाइ, नदी व्यवस्थापन, खानेपानी तथा सरसफाई सम्बन्धी

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुखः**

**प्रशासन महाशाखाः**

**महाशाखा प्रमुखः** उपसचिव नवराज पोखेल

**ऊर्जा, जलस्रोत तथा सिंचाइ महाशाखाः**

**महाशाखा प्रमुखः** सि.डि.ई. हरिदत्त पौडेल

**खानेपानी तथा सरसफाई महाशाखाः**

**महाशाखा प्रमुखः** सि.डि.ई. नविन अर्याल

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

नेपाली नागरिकले सूचना माग गर्न आएमा प्रचलित कानुन बमोजिम दश पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने।

**७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्व उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ। कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत् वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ। ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्व राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन्।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी**

सचिव डा.राजन भट्टराई

**९. सम्पादन गरेको कामको विवरण (२०८२ साउन - २०८२ असोजसम्म)**

- मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन मापदण्ड, २०८२ लागू गरिएको छ।
- मन्त्रालयमा एकिकृत कार्यालय व्यस्थापन प्रणाली (GIOMS) पूर्ण रूपमा संचालनमा ल्याइएको छ भने अन्तर्गतका ५ वटा कार्यालयमा विद्युतीय हाजिरी पूर्ण रूपमा लागू भैसकेको छ।
- आ. व. २०८२/८३ मा यस मन्त्रालय र मातहतका कार्यालयहरुको संगठन तथा व्यवास्थापन सर्वेक्षण O&M गरि तत्कालिन कुल दरबन्दी २४७ बाट घट भइ २२९ कायम गरिएको छ।

प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

- २०८२ भदौ २३ र २४ गते जेन्जी आन्दोलनका क्रममा भएको मन्त्रालय, मन्त्रालयको कर्मचारी आवश भवन तथा मन्त्री निवासको क्षतिको विवरण संकलन गरि सम्बन्धित निकायमा पेश गरिएको।
- जेन्जी आन्दोलनका क्रममा भएको मन्त्रालयको भवनमा भएको क्षतिलाई मर्मत संभार गरिएको।
- जेन्जी आन्दोलनका क्रममा सवारीधन (चार पाङ्ग्रे र दूइ पाङ्ग्रे) आगलागीका कारण ११ वटा पूर्ण क्षति (चार पाङ्ग्रे- ४ वाट, दूइ पाङ्ग्रे-७) र १ वटा दूइ पाङ्ग्रे आंशिक क्षति भएको। पूर्ण क्षति भएको सवारीधनको सम्बन्धित इन्सुरेन्स कम्पनीमा बिमा रकम दाबी गरिएको र आंशिक क्षति भएको सवारी साधनको मर्मत गरि संचालनमा ल्याइएको। पूर्ण क्षति भएको सवारीधनहरूको लिलामी/मिनाहा प्रक्रियामा रहेको।

प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## क. आ.व. २०८२/८३ को बजेट उपशीर्षक अनुसार बजेट र खर्चको सारंश (रू. हजारमा)

| आर्थिक वर्ष २०८२/८३ | | | | | | | (महिना देखि : श्रावण महिना सम्म : असोज) | | | | (रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | | खर्च | | | | खर्च प्रतिशत | | | | |
| | | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | |
| १ | ३४००१००१ | उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | ५५४०० | १७०६०० | ० | २२६००० | ५७७७ | ० | ० | ५७७७ | १०.४३ | ० | | २.५६ | |
| २ | ३४००१००२ | संघ विशेष अनुदानका आयोजनाहरु | ० | २९०६०० | ० | २९०६०० | ० | २४३०८ | ० | २४३०८ | | ८.३६ | | ८.३६ | |
| ३ | ३४००३००१ | जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयहरु | १०३३५० | ४००११५ | ० | ५०३४६५ | २१०५१ | २०७ | ० | २१२५८ | २०.३७ | ०.०५ | | ४.२२ | |
| ४ | ३४००३००२ | जलस्रोत, सिंचाई तथा खानेपानी कार्यालयहरू | ३८३०० | १५८२२० | ० | १९६५२० | ७४१३ | ३७६४ | ० | ११९७७ | १९.३५ | २.३८ | | ५.६९ | |
| ५ | ३४००३००३ | भूमिगत जलस्रोत तथा सिंचाइ कार्यालयहरु | १४८०० | १०७६०० | ० | १२२४०० | १७७६ | २८० | ० | २०५६ | १२ | ०.२६ | | १.६८ | |
| ६ | ३४००३००४ | बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-सिंचाई/तटबन्ध क्षेत्र | ० | ३७७४६५ | ० | ३७७४६५ | ० | ३७८७ | ० | ३७८७ | | १ | | १ | |
| ७ | ३४००३००६ | मर्मत सम्भार तथा प्रणाली सुदृढिकरण आयोजना | ० | ६४२६५० | ० | ६४२६५० | ० | २२६३० | ० | २२६३० | | ३.५२ | | ३.५२ | |
| ८ | ३४००४००१ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरु | ११९१५० | ६८१७५० | ० | ८००९०० | १६१७० | २६८८३४ | ० | २८५००३ | १३.५७ | ३९.४३ | | ३५.५९ | |
| ९ | ३४००४०११ | बहुवर्षीय/स्रोत सुनिश्चित आयोजना-खानेपानी क्षेत्र | ० | ६०६१०० | ० | ६०६१०० | ० | ११२२५७ | ० | ११२२५७ | | १८.५२ | | १८.५२ | |
| १० | ३४०९१०११ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना (संघ सशर्त) | ० | १००० | ० | १००० | ० | ० | ० | ० | | ० | | ० | |

| आर्थिक वर्ष २०८२/८३ | | | | | | | (महिना देखि : श्रावण महिना सम्म : असोज) | | | | (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | बजेट कोड | बजेट उपशीर्षक | बजेट | | | | खर्च | | | | खर्च प्रतिशत | | | |
| | | | चालु | पुंजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा |
| ११ | ३४०९११०१२ | केन्द्रिय खानेपानी आयोजना (संघ सशर्त) | ० | १०००० | ० | १०००० | ० | ० | ० | ० | | ० | | ० |
| १२ | ३४०९१११२२ | नदी नियन्त्रण(संघ शसर्त अनुदान) | ० | १०००० | ० | १०००० | ० | ० | ० | ० | | ० | | ० |
| १३ | ३४०९१११२३ | मर्मत संभार आयोजनाहरु(संघ शसर्त अनुदान) | ० | ६५५०० | ० | ६५५०० | ० | ११९९ | ० | ११९९ | | १.८३ | | १.८३ |
| १४ | ३४०९१११२८ | जलवायु अनुकुलित वृहत खानेपानी आयोजना(संघ शसर्त अनुदान) | ० | २५००० | ० | २५००० | ० | १४५९६ | ० | १४५९६ | | ५८.३८ | | ५८.३८ |
| १५ | ३४०९१११३२ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम(संघ शसर्त अनुदान) | ० | ७५०० | ० | ७५०० | ० | ० | ० | ० | | ० | | ० |
| | | **कुल जम्मा** | **३३१०००** | **३५५४१००** | **०** | **३८८५१००** | **५२१८७** | **४५१८६२** | **०** | **५०४०४८** | **१५.७७** | **१२.७१** | **०** | **१२.९७** |

## ख. स्रोतगत वित्तीय प्रगति (रू. हजारमा)

| क्र.सं. | स्रोत | चालु | | | पुँजिगत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| १ | प्रदेश सरकार | ३३१००० | ५२१८७ | १५.७७ | ३१४४५०० | ४११७५९ | १३.०९ | ३४७५५०० | ४६३९४६ | १३.३५ |
| २ | सशर्त अनुदान | - | - | - | ११९००० | १५७९५ | १३.२७ | ११९००० | १५७९५ | १३.२७ |
| ३ | विशेष अनुदान | - | - | - | २९०६०० | २४३०८ | ८.३६ | २९०६०० | २४३०८ | ८.३६ |
| | **जम्मा** | **३३१०००** | **५२१८७** | **१५.७७** | **३५५४१००** | **४५१८६२** | **१२.७१** | **३८८५१००** | **५०४०४८** | **१२.९७** |

## ग. आ.व. २०८२/८३ को त्रैमासिक बजेट र खर्चको सारंश (रू. हजारमा)

| मन्त्रालय | जम्मा बजेट | खर्च | खर्च % | पहिलो त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट | | खर्च | | बजेट | | खर्च | | बजेट | | खर्च | | बजेट | | खर्च | |
| | | | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | ३८८५१०० | ५०४०४९.३ | १२.९७ | ७९३५५ | ७७७४२५ | ५२१८७.१ | ४५१८६२.२ | ८४०४३ | ७५३००३ | ० | ० | ६७००३ | ८९८९८७ | ० | ० | १००५९९ | ११२४६८६ | ० | ० |
| **कुल जम्मा** | **३८८५१००** | **५०४०४९** | **१२.९७** | **७९३५५** | **७७७४२५** | **५२१८७** | **४५१८६२** | **८४०४३** | **७५३००३** | **०** | **०** | **६७००३** | **८९८९८७** | **०** | **०** | **१००५९९** | **११२४६८६** | **०** | **०** |

प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

**१०. कार्यालय प्रमुख, प्रबक्ता र सूचना अधिकारीको नाम, पद र सम्पर्क नम्बरः**

**कार्यालय प्रमुखः** सचिव,डा. राजन भट्टराई मोबाइल नं. ९८५६०१७२०९

**प्रबक्ताः** सि.डि.ई., हरिदत्त पौडेल, मोबाइल नं. ९८५६०१७२०७

**सूचना अधिकारीः** नविन अर्याल, मोबाइल नं. ९८५६०१७२०४

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सुचीः**

१. गण्डकी प्रदेश सिंचाइ ऐन, २०७८
२. गण्डकी प्रदेश खानेपानी तथा सरसफाई ऐन, २०७८
३. गण्डकी प्रदेश खानेपानी तथा सरसफाई नियमावली, २०८२
४. घरेलु सौर्य ऊर्जा प्रविधि जडान सम्बन्धी कार्यविधि, २०७५
५. अनुदानमा आधारित विद्युतीय चुल्हो वितरण सम्बन्धी मापदण्ड, २०७८
६. लिफ्ट खानेपानी आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०७९
७. लिफ्टिङ सिंचाइ प्रणालीमा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८०
८. मर्मत सम्भार तथा प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन मापदण्ड, २०८२

**१२. मन्त्रालयको वेवसाइट र सो को विवरणः**

मन्त्रालयको वेवसाइट moewrws.gandaki.gov.np रहेको छ।

**१३. मन्त्रालयको ठेगाना र सम्पर्क नं.**

**कार्यालयको नामः** ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा, नेपाल

**ठेगानाः** पोखरा महानगरपालिका वडा नं. १७, ड्यामसाइड

**फोन नंः** ०६१-४५०८३२, ०६१-४५०८३३

**इमेलः** moewrws.gandaki@gmail.com

**वेबसाईटः** moewrws.gandaki.gov.np